लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा तथा सामाजिक विकास निर्देशनालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र सं.:- २०८३/०८४
च.नं.:-

*(प्रथम पटक सूचना प्रकाशित मिति : २०८३।०५/२५)*

**श्री कक्षा ११ र १२ मा लुम्बिनी प्रदेशभित्र विज्ञान विषय अध्यापन गर्ने सामुदायिक विद्यालयहरु सबै**

**विषय : कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनरत छात्राहरुका लागि छात्रवृत्ति सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस निर्देशनालयको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लुम्बिनी प्रदेश भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनरत छात्राहरुका लागि छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम रहेकोले सम्बन्धित विद्यालयहरुले सार्वजनिक सूचना प्रवाह गरी यो सूचना जारी भएको मितिले ३० दिन भित्र विद्यार्थीहरुबाट निवेदन संकलन गरी प्राप्त निवेदन र देहायका कागजात रुजु एवं प्रमाणित गरी एकमुष्ट विवरण निवेदन दिने समयावधि समाप्त भएको मितिले ७ दिनभित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरु**

१. विद्यार्थीको निवेदन
२. कक्षा १२ को छात्रवृत्तिका लागि कक्षा ११ को र कक्षा ११ को छात्रवृत्तिका लागि SEE उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि
३. सामुदायिक विद्यालयको कक्षा ११ वा १२ मा भर्ना भई नियमित रुपमा अध्ययनरत रहेको र कम्तीमा ७० प्रतिशत भन्दा बढी हाजिरी भएको सम्वन्धित विद्यालयको सिफारिस
४. अन्य कुनै निकायबाट छात्रवृत्ति नपाएको बेहोराको सम्बन्धित विद्यालयको सिफारिस पत्र
५. विद्यार्थीको खाता रहेको बैंकको नाम , ठेगाना र खाता नम्वर (बैंकको चेकको फोटोकपी)

२०८३/०५/२५
.............
(हरिलाल अर्याल)
नि .महानिर्देशक
**नि. महानिर्देशक**

**बोधार्थ:**
**श्री सामाजिक विकास डिभिजन कार्यालयहरु सबै:** सम्बन्धित जिल्ला भित्रका विद्यालयहरुलाई सूचना प्रवाह गरी माथि उल्लिखित सम्पूर्ण कागजातहरु **सावधानी पूर्वक रुजु गरी** विद्यालयगत विद्यार्थी विवरणको प्रमाणित कपी तथा विद्युतीय (Excel) प्रतिको एकमुष्ट विवरण तयार गरेर, प्रमाणित गरी प्रमाणित कपी तथा विद्युतीय (Excel) प्रति समेत नेपाली Unicode font मा ७ दिन भित्र यस निर्देशनालयमा पठाइदिनुहुन । (विद्यालयले तयार गरेको Excel लाई एकिकृत गरी डिभिजन कार्यालयले Excel तयार गर्ने )

**सम्पर्क:**
१. बाँके र बर्दिया जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, नेपालगञ्ज, बाँके -सम्पर्क नं. ९८५८०८०२८१
२. दाङ र रुकुमपूर्व जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय,तुल्सीपुर, दाङ- सम्पर्क नं. ९८५७८२५२४६
३. प्यूठान र रोल्पा जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, विजुवार, प्यूठान -सम्पर्क नं. ९८५७८६०१४३
४. पाल्पा र गुल्मी जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तानसेन, पाल्पा -सम्पर्क नं. ९८५७०६४०७०
५. कपिलवस्तु र अर्घाखाँची जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तौलिहवा, कपिलवस्तु -सम्पर्क नं. ९८५७०५००१३
६. रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, भैरहवा, रुपन्देही-सम्पर्क नं. ९८५७०७७६२०

## सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनरत छात्राहरुका लागि छात्रवृत्ति

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | अध्ययनरत कक्षा | विद्यार्थीको नाम | | विद्यालयको | | विद्यार्थीको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नेपालीमा | अंग्रेजीमा (बैङ्क खातामा भएको) | बैङ्कको नाम | खाता नं. | बैङ्कको नाम | विद्यार्थीको खाता नं. | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार पार्ने:

रुजु गर्ने:

प्रमाणित गर्ने

नि. महानिर्देशक